आज मिति २०७७ साल जेष्ठ १९ गते बिहान ८:१५ बजे मनहरी गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री एकराज उप्रेती ज्यू को अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा बसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| श्री एकराज उप्रेती | गांउपालिका अध्यक्ष | अध्यक्ष |
| श्री मनिला विष्ट | गाउँपालिका उपाध्यक्ष | उपाध्यक्ष |
| श्री आनन्द घलान | २ नं. वडा अध्यक्ष | सदस्य |
| श्री गोपिलाल मोक्तान | ६ नं. वडा अध्यक्ष | सदस्य |
| श्री ठाकुरराम तितुङ्ग | ७ नं. वडा अध्यक्ष | सदस्य |
| श्री दिलबहादुर स्याङ्तान | ८ नं. वडा अध्यक्ष | सदस्य |
| श्री ध्रुव खड्का | ४ नं. वडा अध्यक्ष | सदस्य |
| श्री बिष्णु थिङ्ग | ३ नं. वडा का.बा.अध्यक्ष | सदस्य |
| श्री साधुराम अधिकारी | ९ नं. वडा अध्यक्ष | सदस्य |
| श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | सदस्य |
| श्री शुभराज थिङ्ग | ५ नं. वडा अध्यक्ष | संदस्य |
| श्री कृष्ण विडारी | महिला सदस्य | सदस्य |
| श्री पम्फा रोका | महिला सदस्य | सदस्य |
| श्री राधा देवि खकुराल पाटक | महिला सदस्य | सदस्य |
| श्री राममाया प्रजा चेपाङ | महिला सदस्य | सदस्य |
| श्री गीता कुमारी प्रजा | दलित वा अल्पसंख्यक सदस्य | सदस्य |
| श्री देवराज चौलागाई | प्रमुख प्रशासकीय अधिकृत | सचिव |

आमन्त्रित/बैठक सहयोगी

१. श्री संगीता अधिकारी - लेखा अधिकृत

२. श्री टिकाराम अधिकारी - स्वास्थ्य संयोजक

Scanned by TapScanner

निर्णय नं.१

यस अघि कार्यपालिका बैठकबाट निर्णय भएका बिभिन्न बिषयहरुका कार्यान्वयन पक्ष अगाडी बढाउन तदारुकतासाथ काम भइरहेको र आर्थिक बर्ष समाप्तीको समय निकट रहेकोले बांकी काम समेत यथासिघ्र अगाडी बढाउन आ-आफ्नो स्थानबाट जिम्मेवारी बमोजिम कार्य सम्पादन गर्नुपर्ने समिक्षा सहीतको निर्णय गरियो ।

निर्णय नं.२

डांडीखोला स्वास्थ्य चौकी अन्तरगत रहेको एम्बुलेन्स हाल कोरोना महामारीको उद्धार लगायत कार्यमा प्रयोग भई रहेकोमा अन्य सेवाग्राहीलाई समेत सोही साधनबाट सेवा प्रवाह गर्दा संक्रमणको जोखिम बढ्ने देखिएकोले सो एम्बुलेन्स कोरोना महामारी उद्धार बाहेक अन्य स्वास्थ्य सेवाकोलागी प्रयोग गर्ने र कोरोना महामारीकोलागी सेवा प्रवाह गर्न मकवानपुर उधोग वाणिज्य संघ पश्चिम क्षेत्र समितिको नाममा रहेको एम्बुलेन्स प्रयोग गर्ने निर्णय गरियो ।

निर्णय नं.३

आगामी आ.ब.०७७/०७८ को लागी नेपाल सरकारको निति बमोजिम जोर बिजोर प्रणाली हुने गरि कार्यालयको नाममा खोलिदिएको बिभिन्न १५ वटा बैंक खाता सिटिजन्स बैंकले जेनरेसन गरि पेश गरेकोमा प्राप्त खाता नं. हरु अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.४

जनमुखि जनता आवास कार्यक्रम अन्तरगत खरको छाना मुक्त गर्ने कार्यक्रम अन्तरगत सुचना प्रकाशन भएकोमा सुचना बमोजिम प्राप्त निबेदनहरु मध्य वडा समितिको सिफारिसमा कार्यान्वयन हुनेगरि प्रत्यक वडालाई २२/२२ घर धुरी समेट्ने गरि जस्तापाता बितरण गर्ने निर्णय गरियो ।त्यसै गरि मनमोहन स्वास्थ्य बीमा कार्यक्रम अन्तरगत बिनियोजित बजेटबाट भुक्तानि गर्नेगरि स्वास्थ्य बिमाका लाभग्राही छनौटकोलागी आवेदन माग गरेकोमा प्राप्त आवेदन मध्य स्वास्थ्य बिमा कार्यक्रम संचालन कार्यबिधि-०७६ बमोजिम वडाबाट छनौट भई आएको अधिकतम ३३/३३ परिवार सम्मको नियमानुसार स्वास्थ्य बिमा गरि सो को भुक्तानि गर्ने निर्णय गरियो ।

निर्णय नं.५

वडा नं ३ र ४ मा कार्यान्वयन गर्न गांउसभाबाट तपशीलका पांच वटा स्थानमा पुल निर्माण गर्न रकम बिनियोजन भएको र हाल डि.पि.आर.लगायत ल.ई. तयार भई सकेकोले तयार भएको ल.ई.स्वीकृत गर्ने निर्णय गरियो । साथै बिनियोजित बजेटबाट रकम अपुग हुने हुंदा बहुबर्षिय प्रणाली अनुसार नियमानुसार सबै पांच वटै पुलको एकैसाथ बोलपत्र सुचना प्रकाशन गर्ने र प्रत्यक बर्ष अनुपातिक बजेट बिनियोजन गर्दै जाने निर्णय गरियो ।साथै आयोजना कार्यान्वयनकोलागी नियमानुसार गर्नुपर्ने प्रारम्भिक बाताबरणीय परीक्षण (IEE) प्रतिबेदन तयार पार्न समेत प्रकृया अगाडी बढाउने र सो कामकोलागी नियमानुसार परामर्स सेवा खरीदकोलागी ठूला आयोजनाको डि.पी.आर. गर्ने चालु खर्च शीर्षकबाट हाल रु.१० लाख बिनियोजन गर्ने निर्णय गरियो ।

तपशील:

| सि.नं | योजनाको नाम | वडा स्थान | स्वीकृत ल.ई. |
|---|---|---|---|
| १ | ट्रवाङ्गरा लामिटार पुल निर्माण | ३/४ | १०५६३१३२६.७६ |
| २ | च्याबलखोला पुल | ४-२ | १००००००००.०० |

Scanned by TapScanner

निर्णय नं १२

प्रदेश सरकार सामाजिक बिकास मंत्रालयबाट शसर्त कार्यक्रम अन्तरगत रु.१९७५०००/ MMS अनुदान प्राप्त भएकोमा सो रकमबाट Fully Automated analiser एक थान र CR System एक थान खरीद गरि मनहरी प्राथमिक स्वास्थ्य केन्द्रलाई उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं १३

वडा नं ४ को नौखले टोल देखि लाम्पाखा टोल जोड्ने अधुरो बाटोको लागि रु.४०००००० र सोही वडाको डोलबारी देखि पालुङ्गेटोल अधुरो बाटोको लागी १००००००० भैपरी आउने खर्च शीर्षकबाट बिनियोजन गर्ने निर्णय गरियो । त्यसै गरि सोही वडा मसिने गोलघरमा रहेको हाट बजार स्टल भबन त्यस स्थानबाट सोही वडाको उपयुक्त स्थानमा स्थानान्तरण गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो । साथै वडा नं ९ को सुकौरा खोल्सी नियन्त्रण कार्यकालागी रु.७५००० सोही शीर्षकबाट बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं १४

बिधालयमा २ वटा शौचालय निर्माणकोलागी शिक्षा बिकास तर्फको शसर्त अनुदान बाट वडा नं ३ महेन्द्रज्योति मा.बि.हांडीखोलामा-१ र वडा नं ३ कै नवज्योती आधारभुत बिधालय लामिटारमा-१ शौचालय निर्माण हुनेगरि योजना बांडफांड गर्ने निर्णय गरियो ।

निर्णय नं १५

कोरोना महामारी नियन्त्रणकालागी निर्माण हुने र भएका क्वारेन्टाईन व्यबस्थापन गर्न खानेपानी,शौचालय,पार्टीसन लगायत कार्यमा हुने खर्च नियमानुसार बिपद व्यबस्थापन कोषबाट भुक्तानी गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

Scanned by TapScanner

रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| ३ | गोलघर देखि मिलडांडा जोड्ने पुल निर्माण | ४- ३ | १०१६४३७५०.७९ |
| ४ | भुन्द्रुङ्ग- पाल दमार ठाडोखोला | ३ | १३९९७४१७३.५० |
| ५ | काली दमार-हाडीखोला | ३ | ८००००००.०० |

निर्णय नं.६

हालैको हावा हुरी असिना बाट पिडीत सबै वडाका बिधालय सर्बसाधारण लगायत सार्बजनिक भवनहरुका छाना उडाएकोमा सबैलाई हावाहुरीबाट पिडितलाई जस्तापाता उपलब्ध गराउने कार्यबिधि बमोजिम बस्तुगत रुपमा जस्तापाता खरीद गरि बितरण गर्ने सो कामकोलागी रु.५०००००/बिपद व्यबस्थापन कोषबाट रकम बिनियोजन निर्णय गरियो ।साथै चितवन राष्ट्रिय निकुञ्जले वडा नं ६ सुनाचुरी क्षेत्रमा गर्न लागिएको बृक्षारोपण संरक्षणकालागी सार्बजनिक ऐलानी जग्गा संरक्षण शीर्षकबाट १५० थान सिमेंन्ट पोल खरीद गरि उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.७

यस अघि ढुङ्गा गीटी बालुवा स्थानिय अनुगमन समितिको सिफारिस बमोजिम उत्खनन गर्न बांकी ग्राभेल २०७७/०२/१५ बाट चकरी मकरी लामिटार नेवारपानी पारि रजैया २ को उत्खनन कार्य अगाडी बढाउने र बांकी घाटमा ऐ २२ बाट उत्खनन कार्य संचालन गर्नेगरि कार्य संचालन हुने भनिएकोमा बर्षाद तथा समयाभावको कारण रजैया १ रासी चुरे दोभान लगायत समेतको घाटमा संगसंगै उत्खनन कार्य अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं.८

वडा नं १ को गोगनपानी खानेपानी योजनामा बिनियोजित रु.१ करोड मध्यबाट यस अघि पाईप किन्न् लगायत बिभिन्न काममा बिनियोजन गरि बांकी रकमबाट थप १४ लाख समेत यस अघि अघि १२ लाख बिनियोजित मकरी खानेपानी योजनामा पाईप खरीद गर्ने काममै प्रयोग गर्ने निर्णय गरियो ।साथै वडा नं ६ को लोथर खानेपानी आयोजना संचालनकोलागी यस अघि बिनियोजित बजेटबाट पाईप खरीद कार्यको टेण्डर गरिएकोमा त्यसबाट बचत भएको रकमबाट यस अघि बैठकले पाईप खन्ने पुर्ने कामकोलागी ७ लाख बिनियोजन भएको र अब बांकी हुन आउने रकम बाट ल.ई.बमोजिम सोही आयोजनामा चेम्बर फिटिङ्गस लगायत अन्य जडानका कार्य उपभोक्ता समितिबाट कार्यान्वयन गर्ने गरि बिनियोजन गर्ने निर्नणय गरियो ।

निर्णय नं.९

वडा नं ४ पशुपति मा.बि.मा गांउ सभा तथा कार्यपालिकाको निर्णयले रु.१००००० को ईन्टरलक फ्लोर बनाउने भन्ने निर्णय भएकोमा त्यसको सट्टा सोही रकमबाट बिधालय रंगरोगन गर्ने योजना संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.१०

यस अघि कृषि बिकास कार्यक्रम अन्तरगत कृषकलाई मल बिउ खरीद शीर्षकबाट मकै र धानको बिउ खरीद गरि अनुदानमा बिउ बितरण गरेकोमा धानको बिउ अपुग भई खरीद गरि पुनः बितरण गर्न रु.५०००००/भैपरी आउने चालु खर्च शीर्षकबाट बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

वडा नं ७ मा रहेको राष्ट्रिय आधारभुत बिधालयमा क्वारेन्टाईन संचालन भएकोमा फलामे गेट निर्माणको आबस्यकताम देखिएकोले बिपद व्यबस्थापन कोषबाट खर्च हुनेगरि रु.६५००० बिनियोजन गर्ने निर्णय गरियो ।

Scanned by TapScanner